# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
## पचिसौं बैठक

आज मिति २०७५।०५।२२ गते शुक्रवार बिहान ७:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको पचिसौं बैठक नगरप्रमुख श्री डा.कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

उपस्थिति

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडा,दध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहित चौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसाद सिंह थारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदारनाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर बहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवी चौधरी, कार्यपालिका सदस्य

श्री सुभद्रा न्यौपाने, कार्यपालिका सदस्य

श्री कमल चौधरी, कार्यपालिका सदस्य

श्री शिव कुमार कार्की - सचिव

<u>अन्य उपस्थिती</u>

श्री नवराज शर्मा, सि.डि.ई.

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री टेकेन्द्र अधिकारी, शाखा अधिकृत

श्री सन्तोष [illegible], "

श्री वीरेन्द्र वाईबा, ना.सु.

श्री [illegible], आर्थिक अधिकृत

श्री हरिकिशोर साह, ना.सु

**प्रस्तावहरु:**

१. रिपोर्टिङ्ग तथा कार्यप्रगती विवरण सम्बन्धमा ।

२. नियम तथा कार्यविधि सम्बन्धमा ।

३. प्राविधिक कर्मचारी भर्ना सम्बन्धमा ।

४. योजना संचालन सम्बन्धमा ।

५. विविध ।

निर्णय नं.(१): (क)प्रस्ताव नं.१मा छलफल गर्दा नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिव कुमार कार्कीबाट उपमहानगरका समग्र गतिविधी, प्रशासनिक काम कारवाही तथा योजना सञ्चालन सम्बन्धमा हालसम्म भएका प्रगति विवरण प्रस्तुत भयो ।

(ख) यस जीतपुरसमरा उपमहानगरपालिकाका प्रमुख नेपाल नगरपालिका संघको केन्द्रीय सदस्यमा निर्वाचित हुनु भएकोमा बधाई तथा धन्यवाद दिईयो ।

निर्णयनं.(२):(क)प्रस्ताव नं.२ मा छलफल गर्दा निम्न बमोजिमको कार्यविधि तथा निर्देशिका कार्यपालिका बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो।

१. जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७४

२. उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

३. करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५

४. सांगठनिक संरचना तथा कर्मचारीको दरवन्दी विवरण,२०७५

५. अपाङ्गता परिचयपत्र सम्बन्धि कार्यविधि, २०७५

निर्णयनं.(३):प्रस्ताव नं.३मा छलफल गर्दा देहायको प्राविधिक कर्मचारी भर्ना प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१. नापी अधिकृत १ (एक) जना

२. सव ईन्जिनियर ४ (चार) जना

३. कम्प्युटर अप्रेटर ३ (तिन) जना

निर्णयनं. ४:प्रस्ताव नं. ४ मा छलफल गर्दा आ.व.२०७५/०७६को योजना सन्चालन प्रकृयालाई तीव्रताका साथ अघि बढाउने निर्णय गरियो ।

निर्णयनं. ५(विविध):प्रस्ताव नं. ५ मा छलफल गर्दा निम्न निर्णयहरु गरियो ।

(क) आश्विन १ गते हुने बिश्वकर्मा पुजामा उपमहानगरपालिका अन्तर्गत रहेका सवारीसाधनहरुको पुजाका लागि रु.५१ हजार रकम विनियोजन गर्ने निर्णय गरियो ।

(ख) उपमहानगरपालिकाबाट प्रति वडा २ वटाका दरले बितरण हुने सौर्य सडकबत्ती (जनश्रमदान आवश्यक नपर्ने गरी) निशुल्क गर्ने निर्णय गरियो ।

(ग) वडा नं. १९ मथुरापुरमा बिद्युत ट्रान्सफरमर जडान कार्यका लागि नेपाल बिद्युत प्राधिकरण कलैया वितरण केन्द्रलाई ल.ई.बमोजिम वजेट ब्यवस्थापन गर्ने निर्णय गरियो ।

(घ) जीतपुरसिमरा उपमहानगरपालिका र समृद्धी नेपाल कार्यक्रम साझेदारीमा संचालनका लागि सम्झौता गर्ने निर्णय गरियो।

(ङ) जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत वार्ड नं.२३ डाबर नेपाल नजिक प्रहरी चौकी निर्माण गर्नका लागि नेपाल सरकारसंग अनुरोध गर्ने निर्णय गरियो ।

(च) यस जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्र गरिने प्लटिङ्गमा न्युनतम बाटोको चौडाई २० फिट कायम गर्न नापी तथा मालपोत कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

(छ) जीतपुरसिमरा उपमहानगरपालिका वार्ड नं.७ गुदरी बजारमा अवस्थित सटरहरुको भाडामा २५ प्रतिशत मात्र वृद्धि गर्ने र सोलाई आगामी नगरसभामा अनुमोदन गराउने निर्णय गरियो ।

(ज) यस उपमहानगरपालिकामा कानुनी सल्लाहकारका रुपमा खटिईनुभएका दामोदर पौडेलको सेवा करार अर्को व्यवस्था नभएसम्म निरन्तरता गर्ने निर्णय गरियो ।

(झ) वडा नं.१३ को वडा कार्यालयमा १ थान खानेपानी धारा (ट्युबवेल) जडान गर्ने निर्णय गरियो ।

(ञ) उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुका लागि २२ वटा मोटरसाइकल खरिद गर्ने निर्णय भएकोमा हाललाई १२ थान मोटरसाईकल खरिद गर्न आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

(ट) यस उपमहानगरपालिकामा सुरक्षा कार्यका लागि सेवा करारका रुपमा साहिल सेक्युरिटी सर्भिस प्रा.लि.संग भएको सम्झौताको म्याद २०७५ आषाढ मसान्तमा समाप्त भएकोमा २०७५ श्रावण १ गते देखि अर्को व्यवस्था नभएसम्मका लागि सेवा करारको म्याद थप गर्ने निर्णय गरियो ।